# बाल स्याहारका लागि महामारीकालीन EBT (P-EBT) तथा ग्रीष्मकालीन बाल स्याहार P-EBT (** नयाँ) का बारेमा प्रायः सोधिने प्रश्नहरू

शैक्षिक वर्ष 2021-2022 *(अगस्ट 5, 2022)*

---

**प्र1: बाल स्याहार P-EBT भनेको के हो ?**
उ: यो COVID-19 महामारीको समयमा 6 वर्ष मुनिका बालबालिका भएका परिवारहरूलाई मद्दत गर्न संघीय सरकारले स्वीकृत गरेको अस्थायी खाद्य लाभ हो ।

---

**प्र2: बाल स्याहार P-EBT लाभका लागि को-को योग्य हुन्छन् ?**
उ: यो लाभका लागि छ वर्ष मुनिका बालबालिका भएका 3SquaresVT लाभ प्राप्त गर्ने भर्मोन्टका परिवारहरू योग्य हुन्छन् । योग्य परिवारहरूलाई सेप्टेम्बर 2021 देखि जुन 2022 सम्म हरेक महिना बाल स्याहार P-EBT लाभ रकम निकासा गरिने छ ।

---

**प्र3: बाल स्याहार P-EBT लाभ कति रकमको हुने छ ?**
उ: सेप्टेम्बर 2021 देखि जनवरी 2022 सम्मको बाल स्याहार P-EBT लाभ रकम प्रति बच्चा प्रति महिना $32.31 हुन्छ । फेब्रुअरीदेखि जुन 2022 सम्मको लाभ रकम प्रति बच्चा प्रति महिना $33.55 हुन्छ ।

---

**प्र4: ग्रीष्मकालीन बाल स्याहार P-EBT लाभ कति रकम हुने छ ?**
उ: ग्रीष्मकालीन बाल स्याहार P-EBT लाभको कुल रकम प्रति बच्चा $391 हुन्छ । ग्रीष्मकालीन बाल स्याहार P-EBT लाभ नियमित मासिक बाल स्याहार लाभभन्दा ठीक विपरीत गर्मीयामका दुवै महिना जुलाई र अगस्ट समेट्ने गरी एकै पटक समान दरका हिसाबले प्रदान गरिने लाभ हो ।

---

**प्र5: बाल स्याहार P-EBT लाभ रकम कहिले निकासा गरिने छ ?**
उ: पहिलो चरणको (सेप्टेम्बर 2021 देखि जनवरी 2022 सम्मको) लाभ रकम 2022 को जुनको सुरुतिर निकासा गरिने छ । P-EBT बाल स्याहार लाभका लागि योग्य बालबालिकाहरू सेप्टेम्बरदेखि जनवरीसम्मको लाभ प्राप्त गर्ने महिनाका लागि परिवारले प्राप्त गर्ने 3SquaresVT लाभहरू प्राप्त गरेको हरेक महिनाका लागि एक पटक भुक्तानी प्राप्त गर्ने छन् ।

फेब्रुअरीदेखि जुन 2022 सम्मको लाभ रकम सेप्टेम्बरमा निकासा गरिने छ ।

जुलाईमा 3SquaresVT का लागि योग्य परिवारलाई ग्रीष्मकालीन P-EBT बाल स्याहार रकम सेप्टेम्बरमा भुक्तानी गरिने छ । अगस्टदेखि 3SquaresVT का लागि योग्य भएका परिवारका लागि ग्रीष्मकालीन P-EBT बाल स्याहार लाभ रकम अक्टोबरमा भुक्तानी गरिने छ । यी मितिहरू परिवर्तन हुन सक्छन्, कृपया प्रायः सोधिने प्रश्नहरूको नयाँ संस्करणका लागि यो साइट बेला-बेला हेरिरहनुहोला ।

---

## प्र6. मेरो परिवार योग्य छ कि छैन भनेर कसरी पत्ता लगाउने ?

उ: इकोनमिक सर्भिस डिभिजन (Economic Services Division, ESD) ले माथिको मापदण्डका आधारमा तपाईंका बच्चा योग्य छन् कि छैनन् भनेर निर्धारण गर्ने छ । यदि तपाईं योग्य हुनुहुन्छ भने, तपाईंले ESD बाट एउटा पत्र प्राप्त गर्नुहुने छ जसमा तपाईंले लाभ कसरी र कहिले प्राप्त गर्नुहुने छ भनेर व्याख्या गरिएको हुने छ ।

## प्र7: यदि हामी योग्य भयौँ भने, हामी यी लाभहरू कसरी प्राप्त गर्ने छौँ ?

उ: बाल स्याहार P-EBT लाभ रकम तपाईंको 3SquaresVT लाभका लागि तपाईंको परिवारलाई जारी गरिएको EBT कार्डमा निकासा गरिने छ ।

---

## प्र8: मेरो बच्चाको संरक्षकत्वको जिम्मेवारी दुई परिवारको रहेको छ । यस्तो अवस्थामा लाभ रकम कसले पाउँछ ?

उ: ESD ले जुन वयस्क व्यक्तिलाई “3SquaresVT लाभ प्राप्त गर्ने घरमूली” का रूपमा सूचीकृत गरेको छ सोही व्यक्तिलाई लाभ रकम पठाइने छ ।

---

## प्र9: म यो लाभ रकम प्रयोग गरेर के-के खरिद गर्न सक्छु ?

उ: खरिद गर्न मिल्ने खाद्य वस्तुहरूको सूची USDA को वेबसाइटमा हेर्नुहोस् ।

---

## प्र10: म आफ्नो EBT कार्ड कहाँ-कहाँ प्रयोग गर्न सक्छु ?

उ: तपाईं यो कार्ड 3SquaresVT स्वीकार गर्ने कुनै पनि स्थानमा खानेकुरा खरिद गर्नका लागि प्रयोग गर्न सक्नुहुन्छ । यसमा भर्मोन्टका किराना पसल, सुपरमार्केट, कन्भेनियन्स स्टोर र कयौँ फार्मर्स मार्केटहरू पर्दछन् । थप जानकारी DCF को EBT वेब पेज मा पाउनुहोस् ।

---

**प्र11: बाल स्याहार केन्द्रमा मेरो कुनै पनि बच्चा छैन । मैले यो लाभ रकम पाउँछु त ?**

उ: हो । छ वर्ष मुनिका र 3SquaresVT प्राप्त गर्ने सबै बालबालिकाहरू यो लाभका लागि योग्य छन् ।

---

**प्र12: मेरा छ वर्ष माथिका अन्य बच्चा पनि छन् । ती बाल स्याहार P-EBT लाभका लागि योग्य हुन्छन् कि हुँदेनन् ?**

उ: हुँदैनन् । यो लाभ 3SquaresVT प्राप्त गर्ने र छ वर्ष मुनिका बालबालिकाहरूलाई मात्र उपलब्ध हुन्छ । स्कुले उमेरका बालबालिकाका लागि उपलब्ध लाभहरूका बारेमा थप जानकारी प्राप्त गर्न कृपया "स्कुलका लागि P-EBT का बारेमा प्रायः सोधिने प्रश्नहरू" हेर्नुहोस् ।

---

**प्र13: मैले यो लाभ रकम लिन चाहिनँ भने के हुन्छ ?**

उ: सहभागिता स्वेच्छिक हुन्छ । यदि तपाईं सहभागी हुन चाहनुहुन्न भने, आफ्नो 3SquaresVT EBT कार्डमा निकासा गरिएका अतिरिक्त लाभहरू प्रयोग नगर्नुहोला ।

---

**प्र14: P-EBT लाभ रकम खर्च भएन भने म्याद सकिन्छ कि ?**

उ: हो । 274 दिनभित्र कार्ड प्रयोग गरिएन भने P-EBT लाभ रकमको म्याद समाप्त हुने छ ।

---

**प्र15: म थप प्रश्नहरू सोध्न चाहन्छु । म थप जानकारी कहाँबाट पाउन सक्छु ?**

उ: थप जानकारीका लागि https://dcf.vermont.gov/esd/covid19/P-EBT मा हेर्नुहोस् वा 1-800-479-6151 विकल्प 7 मा फोन गर्नुहोस् ।

VERMONT
AGENCY OF HUMAN SERVICES
DEPARTMENT FOR CHILDREN & FAMILIES

VERMONT
AGENCY OF EDUCATION